नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प. सं.: २०८१/०८१
च. नं.: ८०४

मितिः २०८१/०५/२१

विषयः कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री जिल्ला समन्वय अधिकारी, सबै
श्री प्रमुख प्रशासकीय अधिकृत, सबै

स्थानीय सरकारसँगको समन्वय, साझेदारी र सहकार्यमा विभिन्न गैर सरकारी, सामुदायिक र निजी क्षेत्रबाट पूर्वाधार विकास, आर्थिक सामाजिक विकास, सुशासन प्रवर्द्धन तथा सामाजिक परिचालनको क्षेत्रका कार्यक्रमहरू संचालन भईरहेका छन्। विकास साझेदारको सहयोगमा सञ्चालित विभिन्न अभिमुखीकरण, क्षमता विकास, अनुभव आदान प्रदान लगायतका कार्यक्रममा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको सहभागिता भइरहेको पाइन्छ । विकास साझेदार र सेवा प्रदायक संस्थाले संचालन गर्ने कार्यक्रममा जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकीय अधिकृतको सहभागिता हुने गरी स्थानीय तहको क्षेत्रबाहिर सहभागी हुन आमन्त्रण गरिएको अवस्थामा सहभागी हुनुपूर्व आयोजक संस्थाले मन्त्रालय, बिषयगत मन्त्रालय तथा निकायसँग समन्वय गरे/नगरेको एकीन गरी त्यस्ता कार्यक्रम स्थानीय तहको प्राथमिकता र आवश्यकता अनुसारका भएमा मात्र सहभागि हुनुहुन यस मन्त्रालयको मिति २०८१/०५/२१ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा (वेवसाईटमा अपलोड गरिदनुहुन)